कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष

# कटहरी गाउँपालिका, कटहरी मोरङ द्वारा प्रकाशित
# कटहरी-राजपत्र

## खण्ड-९ संख्या ०८ मिति २०८३/०५/२२

## भाग-२

## "घ" बर्गको निर्माण व्यवसायी ईजाजतपत्र दिने सम्बन्धी कार्यविधी,२०८३

कटहरी गाउपालिका, कटहरी मोरङ

नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम कार्यपालिकाले बनाएको यो ऐन सर्वसाधारण जानकारीको लागि प्रकाशन गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

अध्यक्ष.

प्रमाणिकरण मिति :-२०८३/०५/२२

राजपत्रमा प्रकाशित मिति :- २०८३/०५/२२

# कटहरी गाउँपालिकाको

## "घ" बर्गको निर्माण व्यवसाय इजाजतपत्र दिने सम्बन्धी कार्यविधी ,२०८३

कार्यपालिकाबाट स्वीकृत मिति २०८३/०५/०३ गते

कटहरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,कटहरी मोरङ्ग

कोशी प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष

## "घ" बर्गको निर्माण व्यवसाय इजाजतपत्र दिने सम्वन्धि कार्यविधि ,२०८३

**प्रस्तावना :-**

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी कटहरी गाउपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम कटहरी गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसाय इजाजतपत्र दिने सम्वन्धि कार्यविधि,२०८३" रहेको छ ।

ख) यो कार्यविधि कार्यपालिका बाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२) परिभाषा :- बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्ष लाई सम्झनु पर्छ ।

ख) **"उपाध्यक्ष"** भन्नाले गाउँपालिकाको उपाध्यक्ष लाई सम्झनु पर्छ ।

ग) **"समिति"** भन्नाले यस कार्यविधिको दफा (७) बमोजिम गठित समिति लाई सम्झनु पर्छ ।

घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले कटहरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ । ।

ङ) **"कार्यपालिका"** भन्नाले कटहरी गाउँपालिकाको गाउँ कार्यपालिका लाई सम्झनु पर्छ ।

च) **"निर्माण व्यवसायी"** भन्नाले निर्माण व्यवसाय संचालन गर्ने उद्धेश्यले प्रचलित कानुन बमोजिम दर्ताभएको "घ" वर्गको निर्माण व्यवसायी लाई सम्झनु पर्छ,सो शब्दले गाउँ कार्यपालिका बाट ईजाजत प्राप्त निर्माण व्यवसायीलाई समेत जनाउछ र त्यस्ता निर्माण व्यवसायीको कार्यक्षेत्र नेपालभर हुनेछ ।

छ) **"ईजाजतपत्र"** भन्नाले यस कार्यविधि बमोजिम दर्ता भएको "घ" वर्गको निर्माण व्यवसायको ईजाजत पाएको ईजाजतपत्र लाई सम्झनु पर्दछ र सो शब्दले यस कार्यविधि बमोजिम नविकरण गरिदिएको प्रमाणपत्र लाई समेत जनाउदछ ।

**(३) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**(४) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस कटहरी गाउँपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए नभएको सम्बन्धमा सिभिल ईन्जिनीयर/सब ईन्जिनीयर सहित सदस्य भएको दफा(७) बमोजिमको समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

(३) उक्त समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयकालागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरुको इजाजतपत्रं कार्यपालिकाको निर्णय बमोजिम गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**(५) इजाजतपत्रको अवधि र नवीकरण :**

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरीसकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित यस कटहरी गाउँपालिकावाट अनुसूची-२ तोकीए बमजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पास बुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ बमोजिमको पास बुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउँपालिका बाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको ६ महिना/एकवर्ष भित्र सबै प्रकृया पुरागरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

४) एकवर्ष भन्दा बढी म्यादनाघि नविकरण गर्न आएमा नविकरणका लागि पेश भएको निवेदन प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**६) इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,



प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठाविवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ५ को उपदफा (४) बमोजिमको कार्यपालिकाले ईजाजतपत्र नविकरण नगरेमा नविकरण नभएको ईजाजत पत्र स्वत : खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्वन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

७) **समिति सम्वन्धि व्यवस्था** :-(१) "घ" वर्गको निर्माण व्यवसायको ईजाजत पत्रको व्यवस्थापन गर्ने सम्वन्धमा देहाय बमोजिमको एक निर्माण व्यवसाय ईजाजत पत्र समिति रहने छ ।

क) प्रमुख प्रशासकीय अधिकृत .................. .संयोजक
ख) पूर्वाधार विकास शाखा प्रमुख (इन्जिनियर).....सदस्य
ग) योजना शाखा प्रमुख (अधिकृतस्तर)...........सदस्य सचिव

८) **इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

९) **प्रचलित कानून बमोजिम हुने :**
यस कार्यविधिमा लेखिएको यसै बमोजिम र अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

१०) **खारेजी र बचाउ:**
यस कटहरी गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र कार्यविधि २०७५, खारेज गरिएको छ । सो बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्वन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्ययन।

अनुसूची - १
कार्यविधि को दफा ४ को उपदफा (१) सग सम्बन्धित
इजाजतपत्रको लागि दिइने दरखास्त

दरखास्त वालाको फोटो

विषय : इजाजतपत्र पाउ भन्ने बारे ।

श्री ........................म.न.पा. नपा. गा.पा. को कार्यालय
...............

यस .................................कार्यालयको कार्यविधि ........वमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-
नाम :-
ठेगाना :-
पोष्ट बक्स :-
टेलिफोन नं. फयाक्स नं.:- ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति

| | | | |
|---|---|---|---|
| | प्राईभेट लिमिटेड कम्पनी | | पब्लिक लिमिटेड कम्पनी |
| | एकलौटी | | साझेदारी |

(कोठमा रेजा लगाउनु पर्नेछ)
३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-
नाम थर :-
ठेगाना :- पोष्ट बक्स :-
टेलिफोन नं. फयाक्स नं.:- ईमेल :-

४. फर्म वा कम्पनीको विवरण :-

दर्ता नं. :- दर्ता मिति :-
अधिकृत पूजी :- जारी पूजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

५. इजाजतपत्र लिन चाहेको वर्ग :- ( घ ) वर्ग

६. समूहीकरण हुन चाहेको समूह :-

७. आर्थिक श्रोतको विवरण :-

| | रकम | वित्तीय संस्था । बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण :-
(क) प्राविधिक :-
(ख) अप्राविधिक :-
(ग) अन्य :-
प्राविधिक कर्मचारी को Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भन्ने मेकानिकल इन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१० यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-

क.

ख.

ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको,-

दस्तखत :-

मिति :-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको वखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष

## अनुसूची - २

कार्यविधि को दफा ४ को उपदफा (१) र दफा ५ को उपदफा (३)संग सम्वन्धित

| क.सं | निर्माण व्यवसायी को वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर (३ महिना भित्र) | ईजाजतपत्र नवीकरण दस्तुर( ६ महिना भित्र) २०% थप | ६ महिना देखी १ वर्ष भित्र थप ५०% दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु १५०००।०० | रु १००००।०० | रु. १२०००।०० | रु. १५०००।०० |

द्रष्टव्य : घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी दस्तुर तथा शुल्क गाउँसभाले आर्थिक ऐन मा उल्लेख गरेमा सोही बमोजमि अन्यथा यसै बमोजिम हुनेछ ।

- प्रमाणपत्र प्रतिलिपी दस्तुर रु.१०००/ मात्र लाग्ने छ ।
- एक बर्ष नाघी नविकरणका गर्न आएमा कार्यपालिकाको निर्णय बमोजिम हुने छ ।

प्रमुख प्रशासकीय अधिकृत

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष

अनुसूची - ३
कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)संग सम्बन्धित

## इजाजतपत्र

ईजाजतपत्र नं.................. मिति :-

...............म.न.पा./न.पा./ गाउँपालिका ,
.............कार्यपालिकाको कार्यालय
...............................

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०....... को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ............स्थित कार्यालय भएको ...................... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ ।

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने

ईजाजतपत्र दिनेको,-
दस्तखत :-
नाम :-
पद :-
मिति :-
कार्यालय :-

**नविकरण :**

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर भौचर न. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रमुख प्रशासकीय अधिकृत

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष

अनुसूची -८

निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क.स | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण(यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समय | क) Variation पछिको ContractAmount | क)सम्पन्न रकम : | क) अन्तिम ठेक्का रकम : | |
| | | | | | ख)सम्झौता मिति : | ख)पद : | क) नाम : | क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम | ख)सम्पन्न मिति : | ख)सम्पन्न मिति : | |
| | | | | | ग)ठेक्का अवधि | ग)हस्ताक्षर | ख)पद : | ख)पद : | ग) सम्पन्न % | | |
| | | | | | | घ)छाप | ग)हस्ताक्षर | ग)हस्ताक्षर | घ)नाम : | घ)नाम : | |
| | | | | | | | घ)निर्णय मिति | घ)छाप | पद : | पद : | |
| | | | | | | | छाप | | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | | | छाप | छाप | |



प्रमुख प्रशासकीय अधिकृत

CamScanner

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष

अनुसुची-५

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. **आर्थिक क्षमता** : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ।

२. **मुख्य जनशक्ति विवरण** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ।

३. **मेशीन र उपकरण :**

(क) ट्रिपर र टयाक्टर (एक/एक थान) खरिद गरेको वा लिजमा लिएको
(ख) मिक्सर मेशिन (एक थान) खरिद गरेको
(ग) Theodolite/Level Machine (एक सेट) खरिद गरेको
(घ) वाटर पम्प (तीन थान) खरिद गरेको
(ङ) भाइब्रेटर (तीन थान) खरिद गरेको

*द्रष्टव्य :*

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ। उपकरण वहाल ( लिज)मा लिएको भए कम्तिमा दुई बर्ष अवधिको वहाल सम्झौताको प्रमाणित कागजात समेत पेश गर्नुपर्ने छ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन।
५ तोकिएको जनशक्तिहरुको शैक्षिक योग्यता तथा नीजहरु सँग गरिएको करार सम्झौता समेतको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्ने छ।
६ निर्माण कम्पनीको प्रधान कार्यालय रहेको स्थान र अफिस संचालन समेत भएको हुनु पर्ने छ। साथै घर भाडा लिई अफिस संचालन गरेको भए घर वहाल सम्झौता तथा बहालकर तिरेको प्रमाण पेश गर्नुपर्नेछ।

आज्ञाले
प्रमोद कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत



CS CamScanner